प्यूठान नगरपालिका

# प्यूठान नगर राजपत्र

खण्डः६ संख्याः३ प्रकाशित मितिः२०७९ कार्तिक ५

**भाग-२**

**प्यूठान नगरपालिका**

आज्ञाले,

महेशकुमार गुरुङ

प्रमुख प्रशासकीय अधिकृत

## प्यूठान नगरपालिकाको राहत तथा आर्थिक सहायता वितरण कार्यविधि २०७५

| **संशोधन** | **प्रमाणीकरण मिति** |
|---|---|
| पहिलो संशोधन २०७९ | २०७९/०६/३१ |

## प्यूठान नगरपालिकाको राहत तथा आर्थिक सहायता वितरण कार्यविधि २०७५

| **संशोधन** | **प्रमाणीकरण र प्रकाशित मिति** |
|---|---|
| पहिलो संशोधन २०७९ | २०७९/०६/३१ |

**प्रस्तावना**ःप्यूठान नगरपालिकाको क्षेत्र भित्र विपद् ,कडा रोग तथा अशक्तता र गरिबीको कारणले नगरबासीहरुलाई राहत तथा आर्थिक सहायता प्रदान गर्ने काममा एक रुपता ल्याउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०(२२) ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ बमोजिम प्यूठान नगरपालिकाको राहत वितरण तथा आर्थिक सहायता कार्यविधि, २०७५, पहिलो संशोधन २०७९ जारी गरिएको छ।

### भाग १: सक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम प्यूठान नगरपालिकाको राहत तथा आर्थिक सहायता वितरण कार्यविधि,२०७५ हुनेछ।

२. यो कार्यविधि प्यूठान नगरपालिकाको कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ।

३. **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४, प्यूठान नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ सम्झनु पर्दछ।

४. **"नगर कार्यपालिका"** भन्नाले प्यूठान नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्दछ।

५. **"विपद्"** भन्नाले संघीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र प्यूठान नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ बमोजिम मानव सिर्जित तथा प्राकृतिक रुपमा घटने आकस्मिक घटनालाई सम्झनु पर्दछ।

५. **"अती गरिब"**असहाय भन्नाले वडाले सिफारिस गरेका नियमित आय श्रोत नभएका, उद्योग र व्यवसाय नभएका, आफ्नो कमाइ तथा आफ्नै उब्जनीले ३ महिना खान नपुग्ने, परिवारको कुनैपनि सदस्यको स्वदेशमा रोजगारी नभएको तथा वैदेशिक रोजगारमा नभएको प्यूठान नगरपालिका क्षेत्र भित्र रहेका व्याक्तिहरुलाई सम्झनु पर्दछ।

६. **"कडा रोग"** भन्नाले स्वास्थ्य मन्त्रालयले कडा रोग भनी किटान गरेका मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईञ्जुरी,सिकल सेन एनिमिया, हेड इन्जुरी लाई सम्झनु पर्दछ।

*- पहिलो संशोधन २०७९

**कार्यविधिको उद्धेश्य :**

७. यस कार्यबिधिको उद्धेश्य प्यूठान नगरपालिका भित्र विपद् ,कडा रोग तथा आर्थिक विपन्नताका कारणले नगर क्षेत्र भित्रका नागरिकहरुलाई राहत र सेवा प्रदान गर्ने काममा एक रुपता  कायम गर्नु रहेको छ।

## भाग २ : राहत वितरण सम्बन्धी व्यवस्था

८. विपद्को घटना परी कुनै व्यक्तिको मृत्यू भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. ४०,०००* /- का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराईनेछ।

९. विपद्बाट घर,उद्यम, ब्यवसाय र पशु/चौपाय नोक्सानी भएमा तपसीलको राहतको ब्यवस्था गर्ने।

क) घर पुर्ण क्षति भएमा रु ३०,०००* /-

ख) लघु तथा घरेलु उद्यम ब्यबसाय पूर्ण क्षति भएमा रु ३०,०००* /-

ग) चौपाय क्षति भएमा प्रति चौपाय स्थानिय जातको गाइगोरु, विकासे जातको गाइ, भैसीराँगा, भेडाबाख्रा प्रति चौपाय क्रमसः ३०००/-, ५०००/-, १०,०००/-, २०००*/- का दरले राहत उपलब्ध गराईनेछ।

घ) नगरपालिकाको मातहतमा रहेका सार्वजनिक भवन विपद्बाट क्षति भएमा प्राविधिक इष्टीमेट र प्रहरी मुचूल्काका आधारमा उपलब्ध गराउने।

ङ) बेवारिसे शव व्यवस्थापनका लागी प्रति शव रु ५०००*/- दिईनेछ।

च) माथि जे लेखिएता पनि निजको प्रयोगमा नभएको घर, क्षति भएमा राहत पाउने छैन।

१०. कडा रोग लागेका, क्षयरोग (**RRMDR/SSTR**) , पक्षघात र अप्रेशन गर्नुपर्ने अति विपन्न र गरीव तथा विपदको घटनामा परी घाइते हुनेहरुलाई जिल्ला भित्र र जिल्ला बाहिर निजी/सरकारी अस्पतालबाट उपचार गर्दा आर्थिक सहयोग स्वरुप प्रतिव्यक्ति क्रमशः रु.३,०००।- र १०,०००/- यातायात खर्च दिईनेछ।

११. विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर सञ्चालनका, लागी आवश्यक सहयोग र समन्वय गरिनेछ।

१२. प्यूठान नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ बमोजिमको विपद् व्यवस्थापन कोष निर्माण तथा खाता संञ्चालन गरी सोही खातामा खर्च लेखिनेछ।

*- पहिलो संशोधन २०७९

१३. राजनीतिक दलहरुको केन्द्रिय महाधिवेसनको लागि रु.२०,०००/-, प्रदेशका लागी रु १५,०००*/- र जिल्ला अधिवेसन तथा भेलाका लागि १०,०००/- तथा तिनका भातृ संगठनको महाधिवेसनका लागि क्रमश :१०,०००/- , ७,०००*/- र ५,०००/- उपलब्ध गराईने छ। यसरी रकम उपलब्ध गराउँदा चेक रकम बुझ्ने व्याक्ति तोकिएको अनुरोध पत्र आवश्यक पर्नेछ।

१४. घर विपद्का कारणले अति उच्च जोखिममा रही मानिस वस्न नसक्ने अवस्था रहेमा राहत स्वरुप रु १५,०००*/- उपलव्ध गराईनेछ।

१५. चट्याङबाट घरमा जडित मिटर वक्स क्षति भएमा रु ५०००*/- उपलब्ध गराईने छ।

१६. सौचालय पूर्ण रुपमा क्षति भएमा रु ५०००*/- राहत उपलव्ध गराईनेछ।

१७. जोखिम अवस्थामा रहेका घर हरु तत्काल संरक्षण गर्नुपर्ने अवस्था देखियमा प्राविधिक स्टिमेटका आधारमा त्रिपाल उपलब्ध गराउन सकिनेछ।

१८. विपद्बाट प्रभावित र अति विपन्न गरिवलाई खाद्यान्न वितरण गर्नुपर्ने भएमा वडाको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार राहत उपलब्ध गराउन सकिनेछ।

## भाग ३ – विविध

१९. यस कार्यविधिमा उल्लेखित प्रावधानहरुमा छुट हुनगई कुनै विषयवस्तु थपघट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

२०. यस कार्यविधिमा उल्लेख गरिएका प्रावधानहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका विषय वस्तुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

२१. यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतःनिष्क्रृय हुनेछ।

*- पहिलो संशोधन २०७९ द्वारा संशोधित